# आर्थिक बर्ष २०८३/०८४ को
# बार्षिक नीति तथा कार्यक्रम

मेल्लेख गाउँपालिका

मेल्लेख गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

विन्धेवासिनी, अछाम

सुदूरपश्चिम प्रदेश

## मेल्लेख गाउँपालिका गाउँ कार्यपालिकाको आर्थिक बर्ष २०८३/०८४ को निति तथा कार्यक्रम गाउँसभाको १८ औं अधिवेशन

**सभाका सदस्यहरु**

आज यस गरिमामय गाउँ सभाको मिति २०८३ साल बैशाख ७ गते सोमवारका दिन यस मेल्लेख गाउँपालिका गाउँ सभाको १८ औं अधिवेशनको पहिलो बैठकको गाउँसभा अध्यक्षको हैसियतले यस गरिमामय सभामा आर्थिक वर्ष २०८३/०८४ को प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम पेश गर्न र प्रस्तुत गर्नका लागि सभाको अनुमती लिन्छु । हाम्रो साझा लक्ष्य स्पष्ट छ । "समृद्धि मेल्लेख आत्मनिर्भर नागरिक" भन्ने मुल नारा हो । यस लक्ष्य प्राप्तिका लागि हामिले शिक्षा, स्वास्थ्य, कृषि, पुर्वाधार, पर्यटन उद्योग र सुशासनलाई मुख्य आधारका रुपमा अघि बढाएका छौं ।

**सभाका सदस्यहरु**

यस गरिमामय सभामा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दा गाउँसभामा उपस्थित सम्पूर्ण गाउँसभाका सदस्यहरु प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख तथा अन्य कर्मचारी, पत्रकार, सुरक्षाकर्मी साथीहरु मेल्लेख गाउँपालिकाका विभिन्न विषय विज्ञताको क्षेत्रबाट वार्षिक निति तथा कार्यक्रमका लागि विषय विज्ञहरुले दिनुभएको सुझाव संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले गरेको व्यवस्था अनुसार समाजवादी व्यवस्था उन्मुख स्थानीय सरकारलाई आधार स्तम्भको रुपमा राखेकोले मेल्लेख गाउँपालिकाको स्वतन्त्रता सुशासन मार्फत समृद्धि ल्याउन आर्थिक, सामाजिक, सास्कृतिक र विकास निर्माण रुपान्तरणका लागि सहयोग र योगदान गर्नुहुने सम्पूर्ण मेल्लेख बासि तथा देश विदेशमा हुनुहुने आमाबुबा, दाजु भाई, दिदी बहिनीहरुमा नयाँ बर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना सहित धन्यवाद व्यक्त गर्दछु ।

**सभाका सदस्यहरु**

नेपालको केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाको अन्त्य संघिय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि विभिन्न कालखण्डमा नेपाली जनताले गरेको अपार बलिदानी जस अनुसार वि.सं. २०५२ को जनयुद्ध, २०६२/०६३ को जनआन्दोलन, मधेश आन्दोलन र २०८२ भाद्र २३ र २४ गतेको जेन्जी आन्दोलन लगायत अन्य सबै आन्दोलनमा आफ्नो जिवनको आहुती दिने सम्पूर्ण वीर सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु साथै आन्दोलनको क्रममा घाइते, वेपत्ता तथा अपाङ्गताको पिडाबाट जीवन जीउनुहुने योद्धाहरु प्रति सम्मान प्रकट गर्दछु ।

**सभाका सदस्यहरु**

मेल्लेख गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को सभा बाट पारित वार्षिक निति तथा कार्यक्रमको निरन्तरता संगै सिर्जनशीलता प्रत्यक्ष जनसरोकारका थप कार्यक्रमलाई कार्यन्वयनका लागि आगामी वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम निर्माण गरिएको छ । प्रस्तुत नीति तथा कार्यक्रम सर्वसम्मत सभाबाट पारित भई कार्यान्वयनका लागि आवश्यक थप छलफल सहित सभा सदस्यको साथ सहयोगको अपेक्षा गरेको छु ।

मेल्लेख गाउँपालिका

**सभाका सदस्यहरु**

हामी मेल्लेख गाउँपालिकामा स्थानीय सरकारको रुपमा रही आफ्नो नीति आफै बनाउने र आफ्नो लागि आफै शासन गर्ने संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत विकासका लागि हामी मेहेनत गरिरहेका छौ । यस अवसरमा नेपालको संविधानले सुनिश्चितता गरेको समाजवादी अर्थ व्यवस्था उन्मुख संवैधानिक व्यवस्थाले तीन तहको सरकार मध्य स्थानीय सरकारलाई मुख्य आधार स्तम्भको रुपमा नेपाल सरकारले अधिकार प्रत्यायोजन गरेकोले कानूनी प्रावधानहरुलाई अक्षरसः पालना गर्न र गराउन मेल्लेख गाउँपालिका प्रतिवद्ध रहेको छ। साथै नेपालको स्वतन्त्रता, सार्वभौमिक, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राख्दै जनताको सार्वभौम स्वतन्त्रता र सुशासनको अधिकारलाई आत्मसात गर्ने छौ । विगतको केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सिर्जना गरेका सबै प्रकारका विभेद र उत्पीडनबाट मेल्लेख गाउँपालिकाका सम्पूर्ण जनतालाई मुक्त गर्ने नीति तथा कार्यक्रमलाई अवलम्बन गरिने छ ।

**सभाका सदस्यहरु**

हालै सम्पन्न मिति २०८२ फागुन २१ गते निर्वाचनको परिणामले एउटा स्पष्ट सन्देश दिएको छ कि जनताले, बिशेष गरी युवा पुस्ताले, परिवर्तन, पारदर्शिता, जवाफदेहिता र परिणाममुखी शासनको अपेक्षा गरेका छन। यो सकारात्मक चेतना हो, जसले संघिय लोकतान्त्रीक गणतन्त्रलाई थप बलियो बनाउने छ । बर्तमान राजनीतिक परिवेशले हामिलाई एउटा स्पष्ट सन्देश दिएको छ कि जनताले स्थायित्व, सुशासन, सामाजिक न्याय, पारदर्शिता र परिणाममुखी नेतृत्वको अपेक्षा गरेका छन । राजनितिक प्रतिस्पर्धा स्वभाविक भएपनी विकासका सवालमा एकता, सहकार्य र सहमती आजको प्रमुख आवश्यकता बनेको छ। स्थानिय सरकार जनताको सबैभन्दा नजिकको सरकार भएकाले यहाँको कार्यसम्पादनले नै लोकतन्त्र प्रतिको बिश्वासलाई बलियो वा कमजोर बनाउने गर्दछ। आजको आवश्यकता केवल नीति बनाउनु होईन, त्यसको प्रभावकारी कार्यन्वयन हो। जनताले भाषण भन्दा परिणाम खोजिरहेका छन। सिमित स्रोत र बढ्दो अपेक्षा बिच सन्तुलन कायम गर्दै दिगो विकास हासिल गर्नु हाम्रो मुख्य चुनौति हो। हामी जनप्रतिनिधिहरुले अब परम्परागत शैलिबाट मात्र नभई नविन सोच, प्रविधिमैत्री प्रणाली र उत्तरदायी कार्यशैलीबाट जनबिश्वास जित्नुपर्छ।

**सभाका सदस्यहरु**

हाम्रो मेल्लेख गाउँपालिका प्राकृतिक स्रोत, बिभिन्न धार्मिक पर्यटकिय स्थल, कला तथा सास्कृतिक विविधता र अपार सम्भावनाले भरिपुर्ण क्षेत्र हो । तथापि भौगोलिक बिकटता, सिमित स्रोत साधन, रोजगारीको अभाव, शिक्षा, स्वास्थ्य र सूचना प्रविधिमैत्री प्रणली सेवामा अझै सुधारको आवश्यकता जस्ता चुनौतिहरु बिद्धयमान छन। यी चुनौतिहरुलाई अवसरमा परिणत गर्दै समृद्ध, समावेशी र दिगो विकासको मार्गमा अघि बढ्नु हाम्रो साझा दायित्व हो । सुशासन सामाजिक न्याय र समृद्धिको महान संकल्प गरेर अग्रगमनको यात्रामा रहेका हामिलाई मेल्लेख बासिले अनुभुत गर्न सक्ने विकास र सुशासनको गन्तव्यमा नपुऱ्याई रोकिने छुट छैन। हामी निर्वाचित भएपछी गरेका विकासका थुप्रै कामहरुले नागरिकका जीवनमा अनुभुतियोग्य परिवर्तनहरु भएको महसुस गरेका छौं । सिमित स्रोत साधनको कुसलतम परिचालनबाट नागरिकका असिमित



मेल्लेख गाउँपालिका

आकांक्षा पुरा गर्न बजेटलाई प्राथमिकिकरणका साथै समन्यायीक विकासको अवधारणालाई आत्मसाथ गरी बिनियोजन गर्नुपर्दा एकैपटक नागरिकका सबै माग पुरा गर्न सम्भव हुन सक्दैन । त्यसका बावजुद पनी जनताको जीवनस्तर उकास्ने, आम्दानी र रोजगार बढ्ने, स्थानिय स्रोत, साधन, सिपको उपयोग हुने, उत्पादनमुलक र छिटो प्रतिफल दिन सक्ने नीति लिन पर्दछ ।

**सभाका सदस्यहरु**

**आ.व. २०८३/०८४ को वार्षिक योजना तथा बजेट तर्जुमा र कार्यान्वयन गर्दा निम्न नीतिगत सैद्धान्तिक विषयहरुलाई आधार लिइएको छ ।**

- नेपालको संविधानको प्रस्तावना, मौलिक हक, राज्यका नीतिहरु, स्थानीय आर्थिक कार्यप्रणाली एवं एकल तथा साझा अधिकार सूची,
- स्थानीय सरकार संचालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
- संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानुन तथा मापदण्डहरु
- स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४
- संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना
- स्थानीय तहको मध्यकालिन खर्च संरचना
- स्थानीय श्रोत र साधनको उपयोग गर्न
- विकासका अन्तर सम्बन्धित विषयहरु
- नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताबाट सिर्जित दायित्वहरु, संघ र प्रदेश सरकारले अवलम्बन गरेका अन्य आर्थिक नीतिहरु
- संघीय र प्रदेश सरकारले जारी गरेका विभिन्न निर्देशनहरु
- दिगो विकासका लक्ष्य
- सोह्रौं पञ्चवर्षिय योजना
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८
- स्थानीय तहको मध्यकालीन खर्च संरचना आवधिक योजना आन्तरिक राजस्व सुधार प्रणाली

**वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा निम्न विषयहरुलाई प्राथमिकता दिएको छ ।**

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने
- जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने
- स्थानीय सहभागिता जुट्ने, स्वयमसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने
- स्थानीय श्रोत साधन र सीपको अधिकतम प्रयोग हुने
- महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने

- लैङ्गिक समानता र सामाजिक, समावेशिकरण अभिबृद्धि हुने
- दीगो विकास वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने
- दक्ष जनशक्ति परिचालन गरी रोजगारीमूलक क्षेत्रमा जोड दिने
- पोषण कार्यक्रमलाई प्रवद्धन गर्ने
- कृषि आधुनीकिकरण वजारिकरणमा जोड दिईने
- स्वास्थ्य प्राथमिक उपचारमा जनतालाई पहुचका लागि जोड दिने
- ठुला योजना पालिका र साना योजना वडा परिषद्बाट प्राथमिकीकरणको आधारमा गरिने छ ।
- धार्मिक प्राकृतिक, पुरातात्विक कला सस्कृतीक र पर्यटनको संरक्षण प्रवद्धन गरिने छ ।
- राष्ट्रिय रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाईने छ ।

**गाउँसभाका सदस्यहरु**

**विषयगत क्षेत्रहरुमध्ये सबैभन्दा पहिलो शिक्षा क्षेत्रतर्फ ध्यान केन्द्रित गर्न चाहन्छु**

- मेल्लेख गाउँपालिका सरकारले गुणस्तरिय शिक्षाको विकासका लागी बिद्यालय समांयोजन, घटाउने बढाउने र भौतिक संरचना निर्माण लगायतका प्रकृयामा निरन्तर अभियान सञ्चालन गरिरहेको छ ।
- अबको हाम्रो शिक्षा प्रणाली सुधारका लागी गाउँपालिकाले शिक्षा युवा तथा खेलकुद शाखासंग कार्यसम्पादन करार सम्झौता गर्नेछ ।
- अबको हाम्रो शिक्षा केवल प्रमाणपत्रमा मात्र सिमित रहने छैन यसलाई सिप र व्यवहार संग जोडिनेछ ।
- प्रत्यक विद्यालयमा एक सिप कार्यक्रम सञ्चालन गरिनेछ ।
- कम्प्युटर तथा सूचना प्रविधिमा पहुंच बिस्तार गरिनेछ र शिक्षकहरुको क्षमता अभिवृद्धिमा विशेष ध्यान दिईनेछ ।
- हामी यस्तो शिक्षा प्रर्णालीको विकास गर्नेछौ जसले विद्यार्थीलाई आत्मनिर्भर बनाउने छ ।
- विद्यालयमा डिजिटल माध्यमबाट शिक्षण सिकाईमा सहजिकरण गर्नका लागी स्मार्ट बोर्ड, ई-हाजिरी लगायतका सेवाहरु सञ्चालन गरिनेछ ।
- कक्षा ९ देखि १२ सम्मका छात्र छात्राका लागि बिभिन्न प्रकारका व्यवसायिक सिपमुलक तालिम सञ्चालन गरिनेछ । जस्तै सूचना प्रविधि, हेअर कटिङ, कम्प्युटर तथा मोबाईल मर्मत र व्युटिसियन जस्ता तालिमहरु सञ्चालन गरिनेछन ।
- अध्यक्षकप पुरुष भलिबल प्रतियोगिता सञ्चालन गरिनेछ ।
- मेल्लेख गाउँपालिमा एक आवासिय विद्यालय सञ्चालन गरिनेछ ।
- स्थानिय तहमा कार्यरत कर्मचारी शिक्षक सार्वजनिक पद धारण गरेका व्यक्तिहरुले छोराछोरीहको भर्ना सामुदायिक विद्यालयमा अनिवार्य गर्नुपर्नेछ । भर्ना गरेको नपाईएको खण्डमा कानुन बमोजिम कारवाही गरिनेछ ।

मेल्लेख गाउँपालिका

- मेल्लेख गाउँपालिकाको स्थायी नागरिक भई मेल्लेख गाउँपालिका भित्रका माध्यमिक तह उत्तिर्ण (१०) मेडिकल बोर्डबाट छनोट भई एम.बि.बि.एस. पढ्ने विद्यार्थीहरुका लागि नगद रु दश लाख ( १०,००,०००) सम्म छात्रवृत्ती प्रदान गर्ने व्यावस्था गरिनेछ ।
- बार्षिक परिक्षाको नतिजा परिणममा कक्षा ८ र एस.इ.इ. मा उच्चतम जि.पि.ए. ल्याउने छात्र छात्रलाई प्रोत्साहन स्वरुप नगद वा जिन्सी उपलव्ध गराउन सकिनेछ ।

**सभाका सदस्यहरु**

**अब स्वास्थ्य क्षेत्रतर्फ ध्यान केन्द्रित गर्न चाहान्छु**

- प्रत्येक नागरिकको आधारभुत स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गरिनेछ ।
- मातृ शिशु स्वास्थ्य पोषण सुधार तथा स्वास्थ्य बिमा कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ ।
- दुर्गम वडाहरुमा समेत टेलीमेडिसिन सेवा विस्तार गरी स्वास्थ्य सेवालाई सहज पहुँचयोग्य बनाईनेछ ।
- स्वास्थ्य सेवालाई सहज पहुँचयोग्य बनाउन एम्बुलेन्स सेवालाई थप प्रभावकारी बनाईनेछ ।
- स्वास्थ्य सेवाको अभिलेखिकरण तथा सूचना प्रणालीलाई आधुनिक प्रविधिसँग आबद्ध गर्दै IHMIS सेवा सञ्चालन गरिनेछ साथै स्वास्थ्य संस्थाहरुलाई पुर्ण डिजिटल प्रर्णालीमा रुपान्तरण गरिनेछ ।
- नसर्ने तथा संक्रामक रोगको रोकथाम, नियन्त्रण र शीघ्र पहिचानका लागि नियमित स्क्यानिङ र एकिकृत स्वास्थ्य शिविर कार्यक्रम सञ्चालन गरिनेछ ।
- मेल्लेख गाउँपालिकामा बाल विवाह न्युनिकरणका लागि २० बर्ष उमेर पुरा गरी बिवाह गर्ने जोडिहरुलाई सम्मान प्रोत्साहन स्वरुप प्रमाणपत्र सहित नगद एक लाख (१,००,०००) को व्यवस्था गरिनेछ ।
- बालमैत्री वडा घोषण भएका वडाहरुको अनुगमन व्यवस्थापनका लागि बजेटको व्यवस्था गरिनेछ ।
- नमुना वडा घोषणा गर्ने वडाहरुलाई सम्मान प्रोत्साहन स्वरुप प्रमाणपत्र सहित बजेटको व्यवस्था गरिनेछ ।
- मेल्लेख गाउँपालिका अन्तर्गत विपन्न/असाहय, अशत्त, अनाथ/टुहुरा बालवालिकाहरुको लागि बालशिक्षा, जीवन बिमा वा स्वास्थ्य बिमाको लागि बजेटको व्यवस्था गरिनेछ ।
- मेल्लेख गाउँपालिकालाई मर्यादित महिनावारी मैत्री पालिका घोषणा गरिनेछ ।

**नागरिक आरोग्य केन्द्र**

- मानव जीवन प्राकृतिक जीवन भएकोले अध्यक्षसंग बा-आमा कार्यक्रमको निरन्तरता दिईनेछ र विद्यालय आयुर्वेद तथा योग शिक्षा, गाउँघर क्लिनिक र स्तनपायी आमा कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ ।

मेल्लेख गाउँपालिका

**सभाका सदस्यहरु**

**अब आर्थिक विकासको क्षेत्रहरु मध्ये कृषि क्षेत्रमा ध्यान केन्द्रित गर्न चाहान्छु**

हाम्रो अर्थतन्त्रको मेरुदण्ड भनेकै कृषि क्षेत्र हो ।

- एक वडा एक उत्पादन कार्यक्रम मार्फत व्यवसायक कृषि उत्पादन गरिनेछ ।
- किसानलाई आवश्यक बिउ, मल, प्रविधि तथा उनुदान उपलब्ध गराईने छ ।
- पशुपालनलाई आयआर्जनको प्रमुख माध्यमका रुपमा विकास गरिनेछ ।
- कृषि सहकारीलाई सुदृढ बनाउदै बजार व्यवस्थापनमा जोड दिईने छ ।
- कृषि बाली र पशुलाई विभिन्न संक्रमित रोगबाट बचाउन प्रत्येक वडामा एकिकृत शिविर सञ्चालन गरिनेछ ।
- मेल्लेख गाउँपालिकालाई अण्डामा आत्मनिर्भर बनाउन कुखुरा फर्मलाई अनुदानको व्यवस्था गरिनेछ ।
- कृषि उत्पादन तथा उत्पादकत्व बढाउन कृषि डिजिटल म्यापिङ सेवा सञ्चालन गरिनेछ ।
- समुहमा हस्तान्तरण गरिएको गरिवि निवारण कोषलाई कार्यविधि निर्माण गरि स्थानिय सहकारीको समित्वमा ल्याईनेछ ।
- पालिकामा रहेको बाँझो जमिन भाडामा लिई सामुहिक खेति गर्न ठेक्का मार्फत रैथाने बालीहरुको प्रबर्द्धन गरि आन्तरिक आयआर्जनमा बृद्धि गरिनेछ ।
- उत्कृष्ट कृर्षि उत्पादक किसानलाई सम्मान प्रोत्साहन स्वरुप प्रमाण पत्र सहित नगद रु एक लाख (१,००,०००) को व्यवस्था गरिनेछ ।
- उत्कृष्ट पशुपालन किसानलाई सम्मान प्रोत्साहन स्वरुप प्रमाणपत्र सहित नगद रु एक लाख (१,००,०००) को व्यवस्था गरिनेछ ।
- स्थानिय कृषि व्यवसायहरुले उत्पादन गरेको कृषि बाली ढुवानीमा इन्सेन्टिभको रुपमा प्रति किलो गाउँपालिकाले व्यहोर्ने गरि व्यवस्था गरिनेछ ।

**सभाका सदस्यहरु**

**उद्योग, पर्यटन विकासको क्षेत्रमा ध्यान केन्द्रित गर्न चाहान्छु**

- मेल्लेखको पहिचानलाई थप सुदृढ बनाउन पर्यटन विकासमा विशेष जोड दिईनेछ ।
- स्थानिय धार्मिक, सास्कृतिक तथा पुरातात्तिक सम्पदाको संरक्षण र प्रवर्द्धन गरिननेछ ।
- होमस्टे कार्यक्रम सञ्चालन पर्यटन प्रवर्द्धन विकास कार्यक्रम मार्फत स्थानिय रोजगारी सृजना गरिनेछ ।
- मेल्ल्ेख गाउँपालिकाको पर्यटनलाई आयआर्जनको महत्वपुर्ण आधार बनाईनेछ ।
- साना तथा घरेलु उद्योगहरुलाई प्रवर्द्धन गरिनेछ । जसमा एक वडा एक उद्योग, एक घर एक रोजगारी अभियान मार्फत आत्मनिर्भरता अभिवृद्धि गरिनेछ ।
- युवाहरुलाई उद्यमी बनाउन बिभिन्न सिपमुलक तालिम सञ्चालन गरिनेछ ।
- स्थानिय घरेलु साना उद्यमी व्यवसायहरुका लागि तालिम र अनुदानको व्यवस्था गरिनेछ ।
- मेल्लेख गाउँपालिकाको उद्योग ग्राम सञ्चालनका लागि पि.पि. मोडेलबाट सञ्चालन गर्ने व्यवस्था गरिनेछ ।

मेल्लेख गाउँपालिका

- युवा रोजगारी सृजना गर्न उद्योग ग्रामको सञ्चालनको लागि सरकारी, सहकारी, निजि व्यापारी संग साझेदारीमा उद्योगहरु सञ्चालन गरिनेछन ।
- मेल्लेख गाउँपालिकाको समृद्धि विकासका लागि जनप्रतिनिधिको नेतृत्वमा कर्मचारी, शिक्षक, बुद्धिजिबी र युवाहरुको सहभागितामा हप्ताको १ दिन अनिवार्य जनश्रमदान गर्ने व्यवस्था गराइनेछ ।

**सभाका सदस्यहरु**

**अब पुर्वाधार विकासतर्फ ध्यान केन्द्रित गर्न चाहान्छु**

- गाउँपालिकाका सवै वडामा सडक, खानेपानि र बिद्युत सेवा विस्तारलाई प्राथमिकता दिईनेछ ।
- नागरिकलाई सुरक्षित खानेपानिको पहुँच विद्यालय तथा स्वास्थ्य संस्थाको पुर्वाधार सुधार र दिगो भौतिक संरचना र बालमैत्री, अपाङ्गमैत्री संरचना विस्तारमा विशेष ध्यन दिईनेछ ।
- पालिका भित्रका सम्पुर्ण कृषि सडक, ग्रामिण सडक, पालिकाको सदरमुखकाम जोडिएका सडक र अन्तरजिल्ला जोडिएका सडकहरुको मर्मत सम्भार र स्तरोन्नतीमा विशेष जोड दिइनेछ ।
- जनताका सेवालाई छिटो छरितो तथा वडाबाटै योजना सम्झौता गर्नका लागि अनलाईन सम्झौता प्रणाली लागु गरिनेछ ।

**सभाका सदस्यहरु**

**अब बन वातावरण तथा विपद् व्यवस्थापन समितिका क्षेत्रहरुमा ध्यान केन्द्रित गर्न चाहान्छु**

- मेल्लेख गाउँपालिकाको सामुदायिक वन सुदृढिकरण कार्यक्रम अर्न्तगत सबै सामुदायिक वन उपभोक्ता समुहलाई सक्रिय बनाउने ।
- वन व्यवस्थान योजना अध्यावधि गराइने ।
- वनमा अवैध कटानी नियन्त्रणमा ल्याउने ।
- बृक्षरोपण तथा हरियाली अभियान अन्तर्गत एक घर पाँच बिरुवा सञ्चालन गरिनेछ ।
- स्थानिय प्रजातिका विरुवा उत्पादन नर्सरी स्थापना गरिनेछ ।
- जडिबुटी तथा गैर काष्ठ बन उत्पादन प्रवर्द्धन कार्यक्रम अन्तर्गत जडिबुटी खेती प्रसोधनका लागि अध्यन अन्वेषण गरिनेछ ।
- फोहोर व्यवस्थापन कार्यक्रम अन्तर्गत प्रत्येक वडामा फोहोर संकङ्कन तथा व्यवस्थापन प्रणाली लागु गरिनेछ ।
- कम्पोष्ट मल उत्पादन प्रोत्साहनमा जोड दिइनेछ ।
- जलवायु परिवर्तन अनुकुल कार्यक्रम अन्तर्गत पानिको स्रोत संरक्षण धारा मुहान संरक्षणका लागि विशेष जोड गरिनेछ ।
- जलवायु सचेतना अभियान सञ्चालन गरिनेछ ।
- स्वच्छ वातावरण अभियान अन्तर्गत स्वच्छ गाउँ स्वस्थ नागरिक कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्लाष्टिक प्रयोग न्युनिकरण गर्न जोड दिइनेछ ।

- सरसफाई सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- बिपद जोखिम न्युनिकरण योजना अन्तनर्गत बाढी, पहिरो, आगलागी जोखिम क्षेत्रको पहिचान गर्न IEE र AI गरिनेछ ।
- जोखिम नक्साङ्कन (Hazard Mapping) व्यवस्था गरिनेछ ।
- स्थानिय स्तरमा बिपद् सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
- उद्धार तथा राहात व्यवस्थापन अन्तर्गत आवश्यक सामाग्री टेन्ट, औषधी भण्डारणको व्यवस्था गरिनेछ ।

**सभाका सदस्यहरु**

**सुशासन तथा संस्थागत विकासका क्षेत्रहरुमा ध्यान केन्द्रित गर्न चाहान्छु**

- सुशासन तथा पारदर्शिताका लागि जनप्रतिनिधि तथा कर्मचारीलाई जिम्मेवार बनाइनेछ ।
- सुशासनका लागि गाउँपालिका उध्यक्षले प्रमुख प्रशासकीय अधिकृत संग, प्रमुख प्रशासकीय अधिकृतले शाखा प्रमुखहरुसंग कार्यसम्पादन करार सम्झौता गर्ने व्यवस्था गरिनेछ ।
- कार्यसम्पादनमा आधारित मुल्यङ्कन प्रणाली लागु गरिनेछ ।
- कामको नियमित अनुगमन र मुल्याङ्कन गराइनेछ ।
- सेवा प्रवाह सुधारमा (Service Delivery) मा छिटो प्रभावकारी सेवा उपलब्ध गराइनेछ ।
- जनताको उचित पहुँचका लागि ई-पुस्तकालय सञ्चालन गरिनेछ ।
- यस गाउँपालिका अन्तर्गतका सम्पुर्ण सरकारी कार्यलयहरुलाई एकद्वार सेवा प्रणाली लागु गर्न VOIP फोन, सि.सी. टिभी, पब्लिक वाइफाई जोन जडान गरिनेछ ।
- सूचना प्रविधि केन्द्रलाई थप व्यवस्थित गरिनेछ ।
- गुनासो प्रणाली अन्तर्गत प्रत्यक वडाहरुमा हेल्प डेस्क स्थापना गरिनेछ ।
- गुनासो समाधानको स्पष्ट समयसिमा निर्धारण गरि कार्यन्वयन गरिनेछ ।
- गाउँपालिकाको सेवालाई सुदृढ बनाउन आर्टिफिसियल इन्टेलिजेन्स (Artificil Intelligence ) को प्रयोग गरिनेछ ।
- यस मेल्लेख गाउँपालिकालाई डिजिटल पालिका बनाउने उदेश्यले पालिकाको ई-डिजिटल प्रोफाईल निर्माण गरिनेछ ।
- सस्थागत क्षमता विकासमा कर्मचारी तथा जनप्रतिनिधिहरुलाई क्षमता विकासका लागि तालिम दिइनेछ ।
- स्थानिय करलाई दृढता पुर्वक चुस्त दुरुस्त गराइनेछ ।
- कानुनी शासन कानुनको पालना र कार्यन्वयन अनिवार्य गरिनेछ ।
- स्थानिय कानुन निर्माण र प्रभाककारी कार्यन्वयन गरिनेछ ।
- भ्रष्टाचार न्यूनिकरण गरिनेछ ।
- योजनाहरुको नियमित अनुगमन गरिनेछ ।
- परिणाममा आधारित मुल्याङ्कन तथा सुधारका लागि फिडव्याक प्रणाली लागु गरिनेछ ।
- समन्वय र सहकार्यमा संघ प्रदेश र स्थानिय तह बिच समन्वयलाई प्रभावकारी समन्वय गरिनेछ ।

मेल्लेख गाउँपालिका

- निजि क्षेत्र सहकारी NGO विकास साझेदारहरुसंग समन्वय सहकार्य गरिनेछ ।
- स्थानिय कर्मचारी पदाधिकारी सार्वजनिक पद धारण गरेका व्यक्तिहरुले मेल्लेख गाउँपालिकाको सार्वजनिक यातायात प्रयोग गर्नुपर्नेछ ।

**अन्तमा,**

सभाका सदस्यहरु यो नीति तथा कार्यक्रम केवल कागजमा मात्र सिमित रहने छैन यसलाई व्यावहारमा कार्यन्वयन गरिनेछ । यसका लागि हामि सबै जनप्रतिनिधिहरु कर्मचारी निजि क्षेत्र, नागरिक समाज र सम्पुर्ण मेल्लेख बासिको भुमिका र सहकार्य सहयोगको आवश्यकता रहनेछ ।

हामी सबैको समझा प्रयासबाट मात्र समृद्ध मेल्लेखको निर्माण सम्भव छ ।

यस नीति तथा कार्यक्रमलाई सफल बनाउन यहाँहरुको अमुल्य सुसझाव समर्थन र सहकार्यको अपेक्षा गर्दछु । धन्यवाद,

२०८३ बैशाख ७

गाउँ सभा अध्यक्ष : ज्वाला सिं. साउँद

*समाप्त*

मेल्लेख गाउँपालिका